# भेरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुर्खेत

कर्णाली प्रदेश, नेपाल

Fax no :०८३-५४०३११

फोन नं. ०८३-५४०१५४

०८३-५४०३११

Email : info@bheriganamun.gov.np


प.सं. :- ०७९/०८०

च नं: ४५१

मिति :२०७९/०५/०२

विषय : सूचना टाँस गरी मुचुल्कासहित पठाईएको सम्बन्धमा ।

श्री प्रदेश निर्वाचन कार्यालय

कर्णाली प्रदेश, सुर्खेत ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. ८४, मिति २०७९/५/२ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा उक्त सूचना यस कार्यालयको सूचना पार्टीमा टाँस गरी मुचुल्का गरी मुचुल्काको प्रतिलिपीसहित पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०७९/५/२

कृष्णप्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

आज मिति २०७९ साल भाद्र २ गते प्रदेश निर्वाचन कार्यालय कर्णाली प्रदेश, सुर्खेतबाट यस भेरीगंगा नगरपालिकामा च.नं. ८४, मिति २०७९/५/२ गतेका दिनमा पठाईएको सूचना प्रकाशन गरी सो को मुचुल्का उपलब्ध गराईदिने सम्बन्धी प्राप्त पत्रलाई हामी तपसिल बमोजिमका कर्मचारीहरुको रोहबरमा यस कार्यालयको सूचना पार्टीमा टाँस गरिएको व्यहोरा ठीक साँचो हो भनी सहीछाप गरिदियौं/लियौं ।

तपसिल

१. श्री कृष्ण प्रसाद पोखेल, प्रमुख प्रशासकीय अधिकृत

२. श्री पिताम्बर पौडेल, अधिकृत छैटौं

३. श्री कुल बहादुर खड्का, अधिकृत छैटौं

४. श्री युवराज देवकोटा, लेखापाल

५. श्री लक्ष्मण वि.डु.

(६) वीरबहादुर चुनारा. का.स.

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

कर्णाली प्रदेश, सुर्खेत

☎ ०८३-५२०८२२
☎ ०८३-५२३०२६

प.सं.:- २०७९/०८०
च.नं.:- ८४

मितिः- २०७९/०५/०२

विषयः- सूचना प्रकाशन गरी सोको मुचुल्का उपलब्ध गराइदिनुहन ।

श्री स्थानीय तह सबै
सुर्खेत।

स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवारी दिई अन्तिम नामावलीमा कायम रहेका उम्मेदवारहरुले तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नु पर्ने कानुनी व्यवस्था निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४(४) मा भएकोमा निर्वाचन आयोग, निर्वाचन आयोग अन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय र गोरखापत्रमा मिति २०७९/०५/०१ मा प्रकाशित निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारहरुसंग स्पष्टिकरण माग गरिएको सूचना थान २, खर्च विवरण बुझाउने र नबुझाउने सबै उम्मेदवारहरुको विवरण र सो सम्बन्धमा निर्वाचन आयोगको निर्णय उल्लिखित प.सं.च.नं.६२/०७९/८० मिति २०७९/०५/०१ को पत्र यसैसाथ संलग्न छ, उक्त सूचना र उम्मेदवारहरुको नाम नामेशी विवरण तहाँको Website र सूचना पाटीमा सबैले देख्ने गरी प्रकाशन गरी सोको रितपूर्वकको मुचुल्का तयार गरी यथाशक्य छिटो यस कार्यालयमा उपलब्ध गराइ सहयोग गरिदिनुहुन अनुरोध छ ।

२०७९/०५/०२

(निर्मला रेग्मी)
**प्रदेश निर्वाचन अधिकारी**

बोधार्थ
श्री निर्वाचन आयोग
(कानून तथा राजनीतिक दल व्यवस्थापन शाखा)
कान्तिपथ, काठमाण्डौं

...गंगा नगरपालिका
दर्ता नं.: २४५
दर्ता मितिः २०७९/५/५

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦